# मिक्लाजुङ्ग गाउँपालिका प्रथम गाउँसभा (बन्दसत्र)

## बैठक नं. १

आज मिति २०७४/०६/०४ गते सोमबारका दिन यस मिक्लाजुङ्ग गा.पा.का अध्यक्ष श्री देवी प्रसाद आचार्यज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका गाउँ सभा सदस्य लगायतको उपस्थितिमा प्रथम ऐतिहासिक गाउँसभा (बन्द सत्र) बैठक तपशिल बमोजिमका प्रस्तावहरुमा तपशिल बमोजिमका निर्णयहरु गर्दै सम्पन्न गरियो ।

**उपस्थितिः**

अध्यक्ष श्री देवी प्रसाद आचार्य
उपाध्यक्ष श्री सरला राई
सदस्य (वडा नं. १ वडाध्यक्ष ) नर बहादुर राई
सदस्य (वडा नं. २ वडाध्यक्ष )गौरी प्रसाद राई
सदस्य (वडा नं. ३ वडाध्यक्ष) श्री खगेन्द्र मादेन
सदस्य (वडा नं. ४ वडाध्यक्ष) श्री बुद्धिमान लिम्बु
सदस्य (वडा नं. ५ वडाध्यक्ष) श्री रुद्र लिङदेन
सदस्य (वडा नं. ६ वडाध्यक्ष) श्री वुद्धिलाल निरौला
सदस्य (वडा नं. ७ वडाध्यक्ष ) श्री शुशिल राज चौहान
सदस्य (वडा नं. ८ वडाध्यक्ष ) श्री नगिन्द्र कार्की
सदस्य (वडा नं. ९ वडाध्यक्ष ) श्री सोमनाथ अधिकारी
सदस्य श्री जुना खडका
सदस्य श्री शारदा मगर
सदस्य श्री मीना कुमारी वि.क.
सदस्य श्री बालिका वि.क.
सदस्य श्र गोपाल वि.क.
महिला सदस्य श्री लोहन रानी राई
महिला सदस्य श्री कमल कुमारी राई
महिला सदस्य श्री तुला मिवक लिम्बु
महिला सदस्य श्री केशर माया राई
महिला सदस्य श्री कुमारि मगर
महिला सदस्य श्री गंगा देवी सुवेदी वस्नेत
महिला सदस्य श्री सीता देवी मगर
महिला सदस्य श्री अम्बिका कार्की
दलित महिला सदस्य श्री सन्तमाया वि.क.
दलित महिला सदस्य श्री कृष्ण कुमारी वि.क.
दलित महिला सदस्य श्री तेज माया कामि

दलित महिला सदस्य श्री फुलमाया दर्जि
दलित महिला सदस्य श्री सविना परियार
दलित महिला सदस्य श्री पवित्रा वि.क.
दलित महिला सदस्य श्री पवित्रा बराईली
दलित महिला सदस्य मात्रीका दर्जी
सदस्य प्रविण राई
सदस्य फर्समान तामाङ
सदस्य नैन बहादुर राई
सदस्य मोहन राई
सदस्य श्री पुर्ण बहादुर लिम्बु
सदस्य श्री हरि बहादुर मगर
सदस्य ठमेश कुमार वान्तवा
सदस्य हर्क बहादुर वि.क.
सदस्य गंगा राई
सदस्य चन्द्र धमाल
सदस्य पुर्ण बहादुर पाण्डे
सदस्य विर बहादुर लिम्बु
सदस्य दुर्गा प्रसाद पोखेल
सदस्य नारायण प्रसाद वास्तोला
सदस्य लाख बहादुर लिम्बु
सदस्य हेम कुमार श्रेष्ठ
सदस्य तारानाथ मगर
सदस्य सचिव (कार्यकारी अधिकृत) श्री प्रभा अर्याल

स्वास्थ्य कार्यक्रम संयोजक श्री चिन्तामणी पोखेल

स्वास्थ्य कार्यक्रम सह संयोजक श्री निराजन पौड्याल

नायब सुब्बा श्री चन्द्र प्रसाद पराजुली

नायब सुब्बा श्री यज्ञनीधि पौड्याल

लेखापाल श्री राजेश खतिवडा

प्राविधिक सहायक श्री मोहन मिश्र

खरिदार श्री लोक प्रसाद दाहाल

खरिदार श्री कल्पना घिसिङ

**प्रस्तावहरुः**

१) मिक्लाजुङ गाउँपालिकाको नीति तथा कार्यक्रम पारित गर्ने सम्बन्धमा ।

२) आर्थिक विधेयक र विनियोजन विधेयक स्वीकृती सम्बन्धमा ।

३) आ.ब. २०७४/०७५ को प्रस्तावित बजेट, योजना तथा कार्यक्रम स्वीकृती सम्बन्धमा ।

४) गाउँसभा सञ्चालन कार्यविधि पारित गर्ने सम्बन्धमा ।

५) अघिल्लो आ.ब. २०७३/०७४ को यथार्थ आय  व्यय, चालु आ.ब. २०७४/०७५ को आय व्ययको अनुमानको विवरण स्वीकृत गर्ने सम्बन्धमा ।

६) आ. ब. २०७३/०७४ मा सम्झौता भई संचालन भएका योजनाहरुको भुक्तानी अनुमोदन गर्ने सम्बन्धमा ।

७) गाउँपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीहरुको निरन्तरता सम्बन्धमा ।

८) पदाधिकारीहरुको को सेवा सुविधा सम्बन्धमा ।

९) HIV परामर्शदाता ईन्दिरा गौतमको तलब सुविधा वृद्धि गर्ने सम्बन्धमा ।

१०) ल्याब असिस्टेन्ट पवित्रा चौंलागाई आचार्यको तलब सुविधा वृद्धि गर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१** मिक्लाजुङ गाउँपालिकाको आ.ब. २०७४/०७५ को नीति तथा कार्यक्रम  सर्वसम्मतिले पारित गरि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२** मिक्लाजुङ गाउँपालिकाको आर्थिक बिधेयक र बिनियोजन बिधेयक सर्वसम्मतिले पारित गरि दफाबार छलफलका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३** बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकवाट प्रस्तावित वजेट र गाउँपालिका कार्यालयवाट चालु आर्थिक वर्ष सञ्चालन हुने योजना तथा कार्यकमहरुको बाँडफाँड स्वीकृत गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.४** गाउँ कार्यपालिकाको कार्यलाई थप नियमित गर्न संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त **गाउँसभा सञ्चालन कार्यविधि,** २०७४ सर्वसम्मतीले पारित गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.५** मिक्लाजुङ गाउँपालिकाको आ.व. २०७३/०७४ को यथार्थ आय व्यय, चालु आ.व.२०७४/७५ को आय व्ययको अनुमानको विवरण स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.६** यस गाउँपालिकामा आ.व. २०७३/०७४ मा सम्झौता भई संचालन भएका योजनाहरुको जाँचपास एवम् फरफारक गरी ति योजना तथा कार्यक्रम बापत दिएको भुक्तानीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७** विगत लामो समयदेखी यस गाउँपालिका र अन्तर्गत कार्यरत स्थानीय तहका अस्थायी तथा करार, ज्यालादारी कर्मचारीहरुलाई अर्को व्यवस्था वा अर्को निर्णय नभएसम्मका लागि वार्षिक रुपमा सोही पद र सेवामा निरन्तरता दिने र निजहरुको सेवा सुबिधा नेपाल सरकारको प्रचलित तलवमानमा नबढ्ने गरी नियमानुसार म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.८** मिक्लाजुङ गाउँपालिकाका जननिर्वाचित पदाधिकारीहरुको सेवा सुविधा तपसिल बमोजिम हुने गरी सर्वसम्मतीले स्वीकृत गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल

पदाधिकारीहरुको पारिश्रमिकः प्रदेश सभाले पारित गरे बमोजिम हुने,

कार्यपालिकाको बैठक र गाउँसभामा उपस्थित हुँदाको बखत पदाधिकारीहरुको बैठक भत्ताः रु १००० र

ईन्धन खर्चः रु. ५०० (वडा नं १, २,३,४,५ का वडा अध्यक्ष र वडा सदस्यलाई मात्र)।

**निर्णय नं.९** HIV परामर्शदाता ईन्दिरा गौतमको खाईपाई आएको तलब बार्षिक रु. ६००००।०० बाट वृद्धि गरी चाडपर्व खर्च समेत गरी बार्षिक रु. ९१०००।०० पुऱ्याउने निर्णय गरियो ।

**निर्णय नं.१०** स्वास्थ्य चौकी मधुमल्लाको ल्याब असिस्टेन्ट पवित्रा चौंलागाई आचार्यको खाईपाई आएको तलबमा मासिक रु १०००।०० वृद्धि गर्ने निर्णय गरियो ।